Regd. No. 637/071/072

# Cricket Players Association Nepal (CPAN)
# क्रिकेट खेलाडी संघ नेपाल

**Executive Committee**

**President**
Dr. Manish Raj Pandey
Email: mrpandey70@gmail.com

**Immediate Past President**
Pawan Agrawal

**Vice Presidents**
Raju Khadka
Sita Rana Magar

**General Secretary**
Paras Khadka
Email: paraskhadka777@gmail.com

**Secretary**
Raju Basnyat

**Treasurer**
Prithu Baskota

**Executive Members**
Basant Shahi Thakuri
Shakti Prasad Gauchan
Jyoti Pandey
Sompal Kami
Karuna Bhandari

मितिः २०७८/०९/०५

## प्रेस वक्तव्य

नेपाली राष्ट्रिय क्रिकेट खेलाडीको सेन्ट्रल कन्ट्र्याक्टको वर्गीकरणको विषयलाई लिएर हाल देखिएको नेपाल क्रिकेट संघ (क्यान) तथा क्रिकेट खेलाडीहरू बीचको विवादप्रति क्रिकेट खेलाडी संघ नेपाल (सिप्यान) को गम्भीर ध्यानाकर्षण भएको छ ।

क्रिकेट खेलाडीहरूको योगदानको फलस्वरूप आजको दिनमा नेपाली क्रिकेटले विश्व क्रिकेट जगतमा विशेष पहिचान बनाउन सफल भएको कुरा सबैमा विदित नै छ । तथापि खेलाडीहरूले आफ्ना भावना तथा आवाजहरू अगाडि राख्न खोज्दा ती मागहरूको उचित सम्बोधन गर्नुको सट्टा खेलाडीहरू माथि नै गरिएका कारवाहीहरूले नेपाली क्रिकेटको विकासमा अवरोध पुग्न जाने अवस्था सिर्जना भएको छ । सिप्यानबाट गत वर्ष पनि क्यान तथा राष्ट्रिय खेलकुद परिषदलाई क्रिकेट खेलाडीसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुमा वर्गीकरण सम्बन्धी दिइएको सुझाव आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ । वर्गीकरण जस्तो महत्वपूर्ण विषयवस्तुलाई पारदर्शी रूपमा निश्चित मापदण्ड तोकेर अवलम्बन गर्दै तर्कसम्मत र त्रुटी रहित बनाउन तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाइनुपर्ने आवश्यकता पुनः दोहोऱ्याउन जरूरी देखिन्छ ।

तसर्थ क्यान र खेलाडीहरूको बीचमा रहेको यस विषयसँग सम्बन्धित तिक्तता मेटाई खेलाडीहरूको मनोबल उच्च बनाई राख्न र समग्रमा नेपाली क्रिकेटको भलो हुने कदम उठाउनु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

धन्यवाद !

**(डा. मनिष राज पाण्डे)**
अध्यक्ष

**(पारस खड्का)**
महासचिव